मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप,

बागमती, प्रदेश

## नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) लिलाम बढाबढ सम्बन्धी सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०८/२६**

यस मन्थली नगरपालिका वडा नं. १ तामाकोशी र सुकाजोर खोलाको संगम स्थल नजिकै खोला नदी किनारमा नगर स्तरीय अनुगमन समितिबाट जफत गरिएको १,६४,९३१ घनफिट नदीजन्य पदार्थ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, ढुङ्गा गिट्टी बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ (संशोधन सहित) को बुदा नं. ७(५) तथा बुँदा नं. ९ (९) र बागमती प्रदेश सरकारबाट जारी भएको नदीजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ को बुँदा नं. १३ बमोजिम लिलाम विक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही सिलबन्दी लिलाम बढाबढको आवेदन फाराम नगर कार्यपालिकाको कार्यालय, मन्थली, रामेछापबाट खरिद गर्न र ८औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी लिलाम बढाबढ अङ्क पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | लिलाम नं. | लिलामको विवरण | लिलाम सामाग्रीको परिमाण | न्यूनतम अंक (भ्याट सहित) | फर्म दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०१/MM/RS/२०८०-०८१ | मन्थली नगरपालिका वडा नं. १ तामाकोशी र सुकाजोर खोलाको संगम स्थल नदी तथा खोला किनारमा मौज्दात रहेको नदीजन्य कच्चा पदार्थ | १,६४,९३१ घनफिट | १६७७३४८ | २०००।- |

**लिलाम सम्बन्धी शर्त तथा बन्देजहरु :-**

१. इच्छुक लिलाम सकारकर्ताहरूले माथि उल्लेखित नगद दस्तुर (फिर्ता नहुने) नगदै बुझाई सक्कल नगदी रसिद साथ फर्मको हकमा आ.ब. २०८०/०८१ को लागि नविकरण भएको इजाजत-पत्रको प्रतिलिपि, आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७८/०७९ को करचुक्ता गरिएको प्रमाणको प्रतिलिपि र सक्कल अख्तियारीनामा वा व्यक्तिको हकमा स्थायी लेखा नं. को प्रतिलिपि र नागरिकताको प्रतिलिपी संलग्न राखी लिलाम बढाबढ पुस्तिका यो सूचना प्रकाशित भएको मितिले अन्तिम दिन दिनको ५:०० बजे सम्ममा लिखित निवेदन दिएर खरिद गर्न सकिनेछ ।

२. जसको नाममा लिलाम बढाबढ पुस्तिका खरिद गरिएको हो सोही व्यक्ति वा फर्मले मात्रै लिलाम बढाबढ पुस्तिका दाखिला गर्नु पर्नेछ ।

३. लिलाम सकार गर्ने इच्छुक व्यक्ति, फर्म वा संस्थाले कवोल गरेको अंकको ५% धरौटी राख्नु पर्नेछ । धरौटी वापत रकम मन्थली नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैक, मन्थली शाखामा रहेको १६८०१००३०३००००२ धरौटी खातामा जम्मा गरी सक्कलै बैंक भौचर सहित सम्लग्न गरि उल्लेखित अन्तिम मितिको भोलि पल्ट १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्नेछ र सोही दिनको २:०० वजे नियमानुसार कर्मचारी प्रतिनिधि र लिलाम सकार गर्ने प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी लिलाम बढाबढ पुस्तिका निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

४. लिलाम बढाबढ पुस्तिका दर्ता गर्ने र खोल्ने मितिमा सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन उल्लेखित कार्य क्रमश हुनेछ ।

५. लिलाम बढाबढ पुस्तिकामा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनु पर्नेछ । दररेटको अंक अक्षर केरमेट भएमा वा फरक भएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

६. लिलामी सकारकर्ताले कबोल गरेको रकम २(दुई) किस्तामा बुझाउनु पर्नेछ । सम्झौता गर्न आँउदा कम्तीमा कबोल अंकको ४०% बराबर प्रथम किस्ता वरावरको रकम नगदै वा मन्थली नगरपालिकाको रा.वा बैंक मन्थलीको आन्तरिक आय खाता नं. १६८०१००३०१०१०००२ मा जम्मा गरि बुझाउनु पर्नेछ बाँकी रकम वरावरको कम्तीमा ६(छ) महिना) म्याद भएको बैंक जमानत पत्र बुझाउनु पर्नेछ ।

७. लिलाम सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्थली नगरपालिका नगरकार्यपालिकामा निहित रहनेछ ।

८. लिलाम सकार सम्झौता हुँदा कबोल अंकको पूरै रकम कार्यालयमा दाखिला गरेमा बढीमा १० प्रतिशतसम्म छुट दिन सकिने छ ।

९. यस सम्बन्धी अन्य सूचना मन्थली नगरपालिकाको *Website: manthalimun.gov.np* मा हेर्न सकिनेछ ।

१०. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**